नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन शारवा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-०८०-८१
च.नं.:- प्र/३११/ २७००

मितिः- २०८०/०९/०४

विषयः आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० पठाइएको ।

श्री रक्षा मन्त्रालय ।
श्री गृह मन्त्रालय ।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।
श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ।
श्री अर्थ मन्त्रालय ।
श्री खानेपानी मन्त्रालय ।
श्री उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय ।
श्री परराष्ट्र मन्त्रालय ।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
श्री सहरी विकास मन्त्रालय ।
श्री युवा तथा खेलकुद मन्त्रालय ।
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।
श्री वन तथा वातावरण मन्त्रालय ।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०८/११ को निर्णयानुसार स्वीकृत "**आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०**" को प्रतिलिपि यसै पत्रसाथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(लक्ष्मी प्रसाई)
शाखा अधिकृत


टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http/www.opmcm.gov.np

# आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०

**प्रस्तावनाः** सङ्घ, प्रदेश तथा स्थानीय तहमा सञ्चालन हुने आयोजनाको वर्गीकरणको आधार तथा मापदण्ड निर्धारण गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २४ को उपनियम (२) बमोजिम राष्ट्रिय योजना आयोगको सिफारिसमा नेपाल सरकारले यो आधार तथा मापदण्ड जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आधार तथा मापदण्डको नाम "आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०" रहेको छ।

(२) यो आधार तथा मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले निर्धारित उद्देश्य प्राप्त गर्न निश्चित बजेट र समय सीमाभित्र सम्पन्न गर्ने गरी सञ्चालन गरिने विभिन्न विषयक्षेत्रसँग सम्बन्धित आयोजना सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम सङ्घ, प्रदेश वा स्थानीय तहले सञ्चालन गर्ने कुनै कार्यक्रम वा योजनालाई समेत जनाउँछ।

(ग) "समिति" भन्नाले दफा १४ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।

## परिच्छेद-२
## आयोजना वर्गीकरणका मार्गदर्शक आधार तथा आयोजनाको तहगत वर्गीकरण

३. **आयोजना वर्गीकरणका मार्गदर्शक आधारः** आयोजनाको वर्गीकरण गर्न देहायका विषयलाई मार्गदर्शक आधारका रुपमा लिइनेछः-

(क) नेपालको संविधानमा उल्लिखित मौलिक हक र राज्यका निर्देशक सिद्धान्त तथा नीति,

(ख) नेपालको संविधानमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्धका सिद्धान्त,

(ग) नेपालको संविधानको अनुसूचीमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकारको सूची,

(घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १३ ले आयोजना तर्जुमा र कार्यान्वयन सम्बन्धमा गरेको व्यवस्था,

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७,

(च) नेपाल सरकारले स्वीकृत गरेको नेपालको संविधानको अनुसूची ५, ६, ७,८ र ९ मा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्यविस्तृतीकरणसम्बन्धी प्रतिवेदन,

(छ) नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४,

(ज) नेपाल सरकारको दीर्घकालीन सोच र आवधिक योजनाका नीति, रणनीति, कार्यनीति र प्रक्षेपित लक्ष्य,

(झ) मन्त्रालयको क्षेत्रगत नीति, रणनीति, योजना र तिनले निर्दिष्ट गरेका लक्ष्य,

(ञ) दिगो विकास लक्ष्य तथा विकाससम्बन्धी अन्य अन्तर्राष्ट्रिय प्रतिबद्धता,

(ट) विकासका दीर्घकालीन राष्ट्रिय सोच, लक्ष्य तथा प्रतिबद्धता,

(ठ) अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम पूरा गर्नु पर्ने दायित्व वा शर्त।

४. **आयोजनाको तहगत वर्गीकरणः** (१) सङ्घीय तहबाट सञ्चालन हुने देहायका आयोजना सङ्घीय आयोजना मानिनेछन्:-

(क) नेपालको संविधानको अनुसूची-५ बमोजिम सङ्घको एकल अधिकारको सूचीमा रहेका विषयको आयोजना,

(ख) नेपाल सरकारले स्वीकृत गरेको नेपालको संविधानको अनुसूची ५, ६, ७,८ र ९ मा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्यविस्तृतीकरणसम्बन्धी प्रतिवेदन बमोजिम सङ्घको कार्य क्षेत्रभित्र पर्ने विषयको आयोजना,

(ग) दफा ५ बमोजिम सङ्घबाट सञ्चालन हुने साझा अधिकारको विषयको आयोजना।

(२) प्रदेशबाट सञ्चालन हुने देहायका आयोजना प्रादेशिक आयोजना मानिनेछन्:-

(क) नेपालको संविधानको अनुसूची-६ बमोजिम प्रदेशको एकल अधिकारको सूचीमा रहेका विषयको आयोजना,

(ख) नेपाल सरकारले स्वीकृत गरेको नेपालको संविधानको अनुसूची ५, ६, ७,८ र ९ मा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहको



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

एकल तथा साझा अधिकार सूचीको कार्यविस्तृतीकरणसम्बन्धी प्रतिवेदन बमोजिम प्रदेशको कार्यक्षेत्रभित्र पर्ने विषयको आयोजना,

(ग) दफा ५ बमोजिम प्रदेशबाट सञ्चालन हुने साझा अधिकारको विषयको आयोजना,

(घ) दफा ७ को उपदफा (१) वा (२) बमोजिम सङ्घले तर्जुमा गरी कार्यान्वयन गर्न प्रदेशमा हस्तान्तरण गरेको आयोजना,

(ङ) नेपाल सरकारको सशर्त, समपूरक वा विशेष अनुदानबाट प्रदेशले सञ्चालन गर्ने आयोजना।

(३) स्थानीय तहबाट सञ्चालन हुने देहायका आयोजना स्थानीय आयोजना मानिनेछन्:-

(क) नेपालको संविधानको अनुसूची-८ बमोजिम स्थानीय तहको एकल अधिकारको सूचीमा रहेका विषयको आयोजना,

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयको आयोजना,

(ग) नेपाल सरकारले स्वीकृत गरेको नेपालको संविधानको अनुसूची ५, ६, ७,८ र ९ मा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्यविस्तृतीकरणसम्बन्धी प्रतिवेदन बमोजिम स्थानीय तहको कार्य क्षेत्रभित्र पर्ने विषयको आयोजना,

(घ) दफा ५ बमोजिम स्थानीय तहबाट सञ्चालन हुने साझा अधिकारको विषयको आयोजना,

(ङ) दफा ७ को उपदफा (१) वा (२) बमोजिम सङ्घ वा प्रदेशले तर्जुमा गरी कार्यान्वयन गर्न स्थानीय तहमा हस्तान्तरण गरेको आयोजना,

(च) नेपाल सरकार तथा प्रदेश सरकारको सशर्त, समपूरक वा विशेष अनुदानबाट स्थानीय तहले सञ्चालन गर्ने आयोजना।

५. **साझा अधिकार क्षेत्रका आयोजनाको वर्गीकरण:** (१) नेपालको संविधानको अनुसूची-७ र अनुसूची-९ मा उल्लिखित साझा अधिकारको सूची अन्तर्गतका विषयक्षेत्रका आयोजनामध्ये राष्ट्रिय सुरक्षा वा रणनीतिक आधारबाट महत्वपूर्ण देखिएको आयोजना सङ्घले सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमका आयोजना बाहेक साझा अधिकारको सूचीमा रहेका विषयको अन्य आयोजनाको हकमा एक स्थानीय तहमात्र समेटिने आयोजना सम्बन्धित स्थानीय तहले, सम्बन्धित प्रदेश भित्रको एकभन्दा बढी स्थानीय तह र एक प्रदेश मात्र



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

समेटिने आयोजना सम्बन्धित प्रदेशले र एकभन्दा बढी प्रदेश समेटिने आयोजना सङ्घले सञ्चालन गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटा मात्र स्थानीय तह वा प्रदेश समेटिने आयोजना मध्ये सिँचाई, नदी नियन्त्रण, पहिरो नियन्त्रण, खानेपानी, औद्योगिक क्षेत्र, विद्युत, प्रसारण लाइन तथा सडकसम्बन्धी अनुसूची-१ बमोजिमका आयोजना सङ्घ, प्रदेश वा स्थानीय तहले सञ्चालन गर्नेछन्।

(४) उपदफा (२) र (३) मा उल्लेख भए बाहेक साझा अधिकारको सूचीमा रहेका विषयका अन्य आयोजनामध्ये एउटा मात्र स्थानीय तह वा प्रदेश समेटिने आयोजना लागतका आधारमा अनुसूची-२ बमोजिम सङ्घ, प्रदेश वा स्थानीय तहले सञ्चालन गर्नेछन्।

(५) उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि साझा अधिकारको सूचीमा रहेका विषयमा उल्लिखित सीमाभन्दा बढीको आयोजना सम्बन्धित तहहरुले संयुक्त रुपमा सञ्चालन गर्न सक्नेछन्।

(६) उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक विपद्बाट सिर्जित आपतकालीन अवस्थामा सङ्घले सम्बन्धित प्रदेश र स्थानीय तहको समन्वयमा प्रदेश वा स्थानीय तहको क्षेत्राधिकारमा पर्ने आयोजनामा समेत काम गर्न सक्नेछ।

६. **सङ्घ वा प्रदेशबाट कार्यान्वयन नगरिने:** एकल अधिकारको विषयमा नेपाल सरकारद्वारा स्वीकृत अन्य मापदण्डले सङ्घ वा प्रदेशबाट कार्यान्वयन गर्नुपर्ने गरी तोके बाहेकका पूर्वाधार आयोजनाको हकमा सङ्घबाट तीन करोड रुपैयाँ र प्रदेशबाट एक करोड रुपैयाँ भन्दा कम लागतका नयाँ आयोजना कार्यान्वयन गरिने छैन।

७. **आयोजना हस्तान्तरण:** (१) यो आधार तथा मापदण्ड प्रारम्भ हुनुअघि कार्यान्वयनमा रहेका क्रमागत आयोजना यो आधार तथा मापदण्ड प्रारम्भ भएपछिको आर्थिक वर्षबाट यसै मापदण्ड बमोजिम जुन तहको कार्य क्षेत्रभित्र पर्छ सोही तहबाट कार्यान्वयन हुनेगरी हस्तान्तरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम आयोजना हस्तान्तरण गर्दा त्यस्ता आयोजनाको हाल कार्यान्वयन भएको तहबाट बहुवर्षीय ठेक्का भई दायित्व सिर्जना भएको भए त्यस्तो दायित्व आयोजना हस्तान्तरण गर्ने तहले व्यहोर्नु पर्नेछ।

(३) दफा ६ बमोजिमका वा सो भन्दा बढी लागतका पूर्वाधार आयोजना वा अन्य कुनै पनि आयोजना सङ्घ वा प्रदेशले तर्जुमा गरी सङ्घले प्रदेश वा स्थानीय तहमा र प्रदेशले स्थानीय तहमा कार्यान्वयनका लागि हस्तान्तरण गर्न सक्नेछन्।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(४) यस परिचछेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक रुपले जटिल एवम् नवीनतम प्रविधिको प्रयोग गर्नुपर्ने र प्रदेश वा स्थानीय तहको क्षमताले नधान्ने आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहसँगको समन्वयमा सङ्घले तर्जुमा गरी सञ्चालनका लागि सम्बन्धित प्रदेश वा स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ।

(५) यो आधार तथा मापदण्ड प्रारम्भ हुनुअघि विकास साझेदारसँग सम्झौता भई कार्यान्वयन भएका आयोजना हाल कार्यान्वयन गरिरहेको तहले नै सम्पन्न गरी सञ्चालनका लागि जुन तहको कार्य क्षेत्रभित्र पर्छ सोही तहमा हस्तान्तरण गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम हस्तान्तरण गरिएका आयोजना सम्बन्धित तहले कार्यान्वयन गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम सङ्घ वा प्रदेशले हस्तान्तरण गरेका आयोजना कार्यान्वयनमा लाग्ने लागत आयोजना हस्तान्तरण गर्ने तहले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई सशर्त अनुदान मार्फत् वार्षिक रुपमा उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद -३

## सङ्घीय आयोजनाको स्वरुप तथा कार्यान्वयन

८. **विषयक्षेत्रका आधारमा वर्गीकरणः** (१) सङ्घीय आयोजनालाई विषयक्षेत्रका आधारमा अनुसूची-३ बमोजिम मुख्य क्षेत्र तथा उपक्षेत्रमा वर्गीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम गरिएको विषयक्षेत्रगत वर्गीकरणका आधारमा आयोजनालाई मन्त्रालयगत बजेट सूचना प्रणालीमा छुट्टै सङ्केत दिनु पर्नेछ।

(३) प्रदेश वा स्थानीय तहले आफूले सञ्चालन गर्ने आयोजनालाई उपदफा (१) बमोजिमको विषयक्षेत्रगत आधारका अतिरिक्त आवश्यकता अनुसारको अन्य क्षेत्र र उपक्षेत्रमा समेत वर्गीकरण गर्न सक्नेछन्।

९. **लागतको आधारमा वर्गीकरणः** सङ्घीय आयोजनालाई लागतको आधारमा देहाय बमोजिम वर्गीकरण गरी कार्यान्वयन गरिनेछः-

(क) दश करोड रुपैयाँसम्म लागत भएका आयोजनालाई साना आयोजना,

(ख) दश करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्म लागत भएका आयोजनालाई मझौला आयोजना,

(ग) पचास करोड रुपैयाँभन्दा बढी लागत भएका आयोजनालाई ठूला आयोजना।

१०. **राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाः** आयोगले सङ्घ, प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने कुनै पनि सरकारी आयोजनाको अलावा निजी, सामुदायिक वा सार्वजनिक-निजी साझेदारी



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

वा अन्य प्रकृतिका आयोजनालाई देहायको आधारमा सम्बन्धित मन्त्रालयको सिफारिसमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा तोक्न सक्नेछः-

(क) चालु आवधिक योजनाले तोकेको प्राथमिकताका क्षेत्रभित्र परेको,

(ख) चालु आवधिक योजनाले तोकेका विकास रणनीतिमा प्रत्यक्ष योगदान पुऱ्याउन सक्ने अवस्थाको,

(ग) सरकारी सेवा प्रवाहको गुणस्तर अभिवृद्धिमा योगदान पुऱ्याउने प्रकृतिको,

(घ) आर्थिक वृद्धि, स्थानीय उत्पादन तथा आर्थिक क्रियाकलाप प्रबर्द्धन र रोजगारी सिर्जनामा उल्लेखनीय योगदान पुऱ्याउने अवस्थाको,

(ङ) दिगो विकास लक्ष्य तथा अतिकम विकसित मुलुकबाट स्तरोन्नतिको रणनीति कार्यान्वयनमा प्रत्यक्ष योगदान पुऱ्याउने किसिमको,

(च) विस्तृत परियोजना प्रतिवेदन तयार भएको, वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन स्वीकृत भएको र जलवायु प्रभाव तथा विपद् जोखिम विश्लेषणबाट उपयुक्त देखिएको,

(छ) भौगर्भिक र पुरातात्त्विक दृष्टिले उपयुक्त देखिएको,

(ज) राष्ट्रिय आयोजना बैङ्कमा प्राथमिकताक्रम सहित सूचीकृत भएको,

(झ) लगानीको स्रोत सुनिश्चितताको प्रमाण भएको,

(ञ) निजी क्षेत्रको लगानीका आयोजनाको हकमा राष्ट्रिय आयोजना बैङ्कमा प्रविष्ट भएको।

११. **<u>पहिलो र दोस्रो प्राथमिकताका आयोजनाः</u>** (१) दफा १० बमोजिमका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई स्रोत सुनिश्चितता र कार्यान्वयनमा प्राथमिकता दिन सम्बन्धित मन्त्रालय वा निकायले मध्यमकालीन खर्च संरचनामा आयोजना प्रस्ताव गर्दा आयोगले स्वीकृत गरेको आयोजना विकास, छनौट तथा प्राथमिकीकरणसम्बन्धी मापदण्ड बमोजिम पहिलो र दोस्रो प्राथमिकतामा वर्गीकरण गरी प्रस्ताव गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको वर्गीकरण सम्बन्धमा आयोगले परीक्षण गरी त्यस्तो वर्गीकरण आयोगले स्वीकृत गरेको आयोजना विकास, छनौट तथा प्राथमिकीकरणसम्बन्धी मापदण्ड बमोजिम नभएको देखिएमा सम्बन्धित मन्त्रालय वा निकायलाई पुनरावलोकनका लागि पठाउनेछ।

१२. **<u>रुपान्तरणकारी आयोजनाः</u>** (१) नेपाल सरकारले देहायको आधारमा कुनै आयोजनालाई आयोगको सिफारिसमा रुपान्तरणकारी आयोजना घोषणा गर्न सक्नेछः-

(क) लागत रकम कम्तीमा दश अर्ब रुपैयाँ भएको,

(ख) लगानीको स्रोत तथा कार्यान्वयन ढाँचा टुङ्गिएको,

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(ग) मुलुकको आर्थिक तथा सामाजिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउने,

(घ) पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाको हकमा जग्गा प्राप्ति, वातावरणीय परीक्षण, विस्तृत परियोजना प्रतिवेदन लगायत आयोजना पूर्वतयारीसम्बन्धी सबै कार्य सम्पन्न भैसकेको,

(ङ) आयोजनाको दिगो व्वस्थापन तथा सञ्चालन सुनिश्चित भएको ।

(२) यो मापदण्ड प्रारम्भ हुनुअघि घोषणा भएका रुपान्तरणकारी आयोजनाको पुनरावलोकन आयोगको सिफारिसमा नेपाल सरकारले गर्नेछ।

१३. **राष्ट्रिय गौरवका आयोजना घोषणा तथा पुनरावलोकनः** (१) नेपाल सरकारले देहायको आधारमा कुनै आयोजनालाई आयोगको सिफारिसमा राष्ट्रिय गौरवको आयोजना घोषणा गर्न सक्नेछः-

(क) लागत रकम कम्तीमा पचास अर्ब रुपैयाँ भएको,

(ख) विकासको राष्ट्रिय प्राथमिकता र रणनीतिको विषयक्षेत्र भित्र परेको,

(ग) सरकारको दीर्घकालीन सोच तथा लक्ष्य प्राप्तिमा प्रत्यक्ष योगदान पुऱ्याउने,

(घ) आयोजना सञ्चालनबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउने,

(ङ) आर्थिक क्रियाकलापमा वृद्धि, रोजगारी सिर्जना र उद्यमशीलताको प्रवर्द्धनमा उदाहरणीय स्तरको अग्र तथा पृष्ठ सम्बन्ध रहेको,

(च) राष्ट्रिय सुरक्षा वा सामाजिक, सांस्कृतिक एकीकरण वा संरचनात्मक आर्थिक रुपान्तरणका हिसाबले रणनीतिक महत्व राख्ने,

(छ) आम समुदायमा राष्ट्रिय भावना जगाई एकताको सुत्रमा जोड्न योगदान पुऱ्याउने, र

(ज) सामाजिक रुपान्तरण तथा मानव विकासमा सकारात्मक प्रभाव पार्ने।

(२) यो मापदण्ड प्रारम्भ हुनुअघि घोषणा भएका राष्ट्रिय गौरवका आयोजनाको पुनरावलोकन आयोगको सिफारिसमा नेपाल सरकारले गर्नेछ।

१४. **निर्देशक समितिः** (१) आयोजना वर्गीकरणको कार्यमा नीतिगत समन्वय गर्न देहाय बमोजिम एक निर्देशक समिति रहनेछः-

(क) उपाध्यक्ष, आयोग – संयोजक

(ख) सदस्य, आयोग (सबै) – सदस्य

(ग) उपाध्यक्ष, सबै प्रदेश योजना आयोग – सदस्य

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(घ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार क्षेत्र हेर्ने) – सदस्य

(ङ) सचिव, अर्थ मन्त्रालय – सदस्य

(च) सचिव, वन तथा वातावरण मन्त्रालय – सदस्य

(छ) सचिव, आयोग – सदस्य

(ज) प्रमुख सचिव, प्रदेश सरकार – सदस्य

(झ) नगरपालिका सङ्घको अध्यक्ष – सदस्य

(ञ) गाउँपालिका राष्ट्रिय महासङ्घको अध्यक्ष – सदस्य

(ट) सहसचिव (सम्बन्धित विषय हेर्ने), आयोग – सदस्य

(२) समितिले बैठकमा आवश्यकता अनुसार विषयक्षेत्रसँग सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई विज्ञका रुपमा आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(४) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१५. **समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यो आधार र मापदण्डको कार्यान्वयनका लागि विषय क्षेत्रगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तहबीच आवश्यक समन्वय, सहजीकरण, अनुगमन र मार्गदर्शन गर्ने,

(ख) यो आधार तथा मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा सोको समाधानका लागि आयोग समक्ष सिफारिस गर्ने।

## परिच्छेद-४

## विविध

१६. **आयोजना निर्माण सम्पन्न गर्ने समयावधिः** आयोजना प्रस्ताव गर्दा आयोजना सुरु भएको मितिबाट देहाय बमोजिमको समयावधिमा सम्पन्न गर्ने गरी गर्नु पर्नेछः-

(क) दफा ९ बमोजिमका साना तथा मझौला आयोजना बढीमा तीन वर्षभित्र,

(ख) दफा ९ बमोजिमका ठूला आयोजना, दफा १० बमोजिमका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना र दफा १२ बमोजिमका रुपान्तरणकारी आयोजना बढीमा छ वर्षभित्र,

(ग) दफा १३ बमोजिमका राष्ट्रिय गौरवका आयोजना बढीमा दश वर्षभित्र।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, काठमाडौं

१७. **समन्वय र सहजीकरण गर्नु पर्ने**: (१) यो आधार र मापदण्ड बमोजिम प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने आयोजनाको हकमा सङ्घले र स्थानीय तहबाट सञ्चालन हुने आयोजनाको हकमा प्रदेशले आवश्यकता अनुसार समन्वय र सहजीकरण गर्नु पर्नेछ।

(२) प्रदेश र स्थानीय तहमा सञ्चालन हुने सङ्घीय आयोजनाको कार्यान्वयनमा सम्बन्धित प्रदेश र स्थानीय तहले आवश्यक सहयोग गर्नु पर्नेछ।

(३) आयोजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनका लागि सङ्घले प्रदेश र स्थानीय तहको तथा प्रदेशले स्थानीय तहको क्षमता विकासमा आवश्यक सहयोग गर्न सक्नेछन्।

१८. **खारेजी र बचाउ**: (१) सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ खारेज गरिएको छ।

(२) सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ बमोजिम भए गरेका कामकारबाही यसै आधार तथा मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

साझा अधिकारका विषयमा सङ्घ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने आयोजना

| क्र.सं. | क्षेत्र | स्थानीय तह | प्रदेश | सङ्घ |
|---|---|---|---|---|
| १ | सिँचाई | | | |
| | (क) सतह सिँचाइ (नयाँ निर्माण र सिँचाइ व्यवस्थापन/ सञ्चालन) | तराई-मधेशमा ५०० हेक्टरसम्म, पहाडमा ५० हेक्टर सम्म र हिमालमा २५ हेक्टर सम्म | तराई-मधेशमा ५०० भन्दा बढी ५,००० हेक्टरसम्म, पहाडमा ५० भन्दा माथि १०० हेक्टरसम्म र हिमालमा २५ भन्दा बढी ५० हेक्टरसम्म | तराई-मधेशमा ५,००० हेक्टरभन्दा बढी, पहाडमा १०० हेक्टरभन्दा बढी र हिमालमा ५० हेक्टरभन्दा बढी |
| | (ख) भूमिगत सिँचाइ (नयाँ निर्माण) | स्यालो ट्युबवेल | तराई-मधेशमा एकल वा क्लस्टरमा २,००० हेक्टरसम्मको डिप ट्युबवेल, पहाड वा हिमालमा एकल वा क्लस्टरमा १०० हेक्टरसम्मका डिप ट्युबवेल | तराई-मधेशमा क्लस्टरमा २,००० हेक्टरभन्दा बढीका डिप ट्युबवेल, पहाड वा हिमालमा क्लस्टरमा २०० हेक्टरभन्दा बढीका डिप ट्युबवेल |
| | (ग) लिफ्ट सिँचाइ (नयाँ निर्माण) | एकल वा क्लस्टरमा २५ हेक्टरसम्म | क्लस्टरमा २५ भन्दा बढी १०० हेक्टरसम्म | क्लस्टरमा १०० हेक्टरभन्दा बढी |
| २ | नदी नियन्त्रण | जोखिमपूर्ण स्थानहरुमा संरक्षण गर्नुपर्ने नदीहरु | तराई-मधेशमा एकातर्फ वा दुवैतर्फ १० कि.मी. सम्म नदी तटबन्ध गर्नुपर्ने नदीहरु र पहाड वा हिमालमा एकातर्फ वा दुवैतर्फ ५ कि.मी. सम्म नदी | तराई-मधेशमा एकातर्फ वा दुवैतर्फ १० कि.मी. भन्दा बढी तटबन्ध गर्नुपर्ने नदीहरु र पहाड वा हिमालमा |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | क्षेत्र | स्थानीय तह | प्रदेश | सङ्घ |
| --- | --- | --- | --- | --- |
| | | | तटबन्ध गर्नुपर्ने नदीहरु | एकातर्फ वा दुवैतर्फ ५ कि.मी. भन्दा बढी तटबन्ध गर्नुपर्ने नदीहरु |
| ३ | पहिरो नियन्त्रण | लम्बाई १०० मिटर, फेदको चौडाई ५० मिटर र कुल क्षेत्र ५,००० वर्ग मिटरसम्म | लम्बाई १०० मिटर भन्दा बढी २०० मिटरसम्म, फेदको चौडाई ५० भन्दा बढी १०० मिटरसम्म र कुल क्षेत्र ५,००० भन्दा माथि २०,००० वर्गमिटरसम्म | लम्बाई २०० मिटर, फेदको चौडाई १०० मिटरभन्दा बढी र कुल क्षेत्र २०,००० वर्ग मिटरभन्दा माथि |
| ४ | खानेपानी | तराई-मधेशमा ८,००० सम्म, पहाडमा २,००० सम्म र हिमालमा ५०० सम्म जनसङ्ख्यालाई प्रशोधित खानेपानी सेवा उपलब्ध गराउने | तराई-मधेशमा ८,००० भन्दा बढी १५,००० सम्म, पहाडमा २,००० भन्दा बढी ५,००० सम्म र हिमालमा ५०० भन्दा माथि १,००० सम्म जनसङ्ख्यालाई प्रशोधित खानेपानी सेवा उपलब्ध गराउने | तराई-मधेशमा १५,००० भन्दाबढी, पहाडमा ५,००० भन्दाबढी र हिमालमा १,००० भन्दाबढी जनसङ्ख्यालाई प्रशोधित खानेपानी सेवा उपलब्ध गराउने |
| ५ | औद्योगिक क्षेत्र | औद्योगिक ग्राम | औद्योगिक क्षेत्र | विशेष औद्योगिक क्षेत्र, निर्यात प्रवर्धन क्षेत्र |
| ६ | सडक (चौडाइका आधारमा) | स्थानीय तहभित्र ११ मिटरसम्मका चौडाईका सडकहरु (सो भन्दा बढी २२ मिटरसम्म चौडाइका | प्रदेश लोकमार्गमा पर्ने सडकको अतिरिक्त प्रदेशभित्र ११ देखि २२ मिटर चौडाईको सडक (सो | राष्ट्रिय राजमार्गमा पर्ने सडक बाहेक अन्य २२ मिटर र सो भन्दा बढी चौडाईको सडक |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | क्षेत्र | स्थानीय तह | प्रदेश | सङ्घ |
|---|---|---|---|---|
| | | सडक निर्माण गर्न प्रदेश सरकारसँग र २२ मिटरभन्दा बढी चौडाईका सडक निर्माण गर्न नेपाल सरकारसँग समन्वय गर्नु पर्ने) | भन्दा बढी चौडाईका सडक निर्माण गर्दा नेपाल सरकारसँग समन्वय गर्नु पर्ने) | |
| ७ | विद्युत | १ मेगावाटसम्मको जलविद्युत वा घरायसी र संस्थागत प्रयोजनको लागि सौर्य वा वायु उर्जा उत्पादन | १ भन्दा बढी २० मेगावाटसम्मको जलविद्युत वा १ मेगावाटसम्मको सौर्य र वायु उर्जा उत्पादन | २० मेगावाटभन्दा बढीको जलविद्युत वा १ मेगावाट भन्दा बढीको सौर्य वा वायु उर्जा उत्पादन |
| ८ | प्रसारण लाईन | ११ केभि भन्दा कमका ग्रामीण तथा सामुदायिक विद्युतीकरण | ११ केभि | ३३ केभि र ३३ केभि भन्दा माथि |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

# अनुसूची-२

## (दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

साझा अधिकारका विषयमा लागतका आधारमा सङ्घ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना

| क.सं. | आयोजना सञ्चालन गर्ने तह | | आयोजनाको मापदण्ड |
|---|---|---|---|
| १ | स्थानीय तह | गाउँपालिका | तीन करोड रुपैयाँसम्मका आयोजना |
| | | नगरपालिका | पाँच करोड रुपैयाँसम्मका आयोजना |
| | | उपमहानगरपालिका | दश करोड रुपैयाँसम्मका आयोजना |
| | | महानगरपालिका | पन्ध्र करोड रुपैयाँसम्मका आयोजना |
| २ | प्रदेश | क.सं.१ मा स्थानीय तहका लागि उल्लिखित सीमा भन्दा माथिका पचास करोड रुपैयाँसम्मका आयोजना | |
| ३ | सङ्घ | पचास करोड रुपैयाँभन्दा माथिका आयोजना | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-३

### (दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**<u>सङ्घबाट सञ्चालन हुने आयोजनाको मुख्य क्षेत्र तथा उपक्षेत्र</u>**

| क्र.सं. | मुख्य क्षेत्र | उप-क्षेत्र |
|---|---|---|
| १ | आर्थिक | (क) कृषि तथा प्राकृतिक स्रोत (कृषि, खाद्य सुरक्षा तथा पोषण, सिँचाइ, भूमि व्यवस्था, जलस्रोत, वन, जैविक विविधता तथा जलाधार)<br>(ख) उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन |
| २ | सामाजिक | (क) जनसङ्ख्या तथा बसाइँसराई<br>(ख) शिक्षा, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई<br>(ग) युवा तथा खेलकुद<br>(घ) लैङ्गिक समानता तथा महिला सशक्तिकरण, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति<br>(ङ) सामाजिक सुरक्षा तथा संरक्षण |
| ३ | पूर्वाधार | (क) ऊर्जा (जलविद्युत, वैकल्पिक ऊर्जा)<br>(ख) यातायात पूर्वाधार (सडक, हवाई यातायात, रेल यातायात, जल यातायात, यातायात व्यवस्थापन)<br>(ग) सञ्चार तथा सूचना प्रविधि पूर्वाधार<br>(घ) स्थानीय पूर्वाधार<br>(ङ) विज्ञान तथा प्रविधि<br>(च) शहरी विकास, ग्रामिण विकास, आवास तथा वस्ती विकास, भवन निर्माण |
| ४ | लोकतन्त्र र सुशासन | (क) राष्ट्रिय एकता तथा शान्ति सुव्यवस्था र सुरक्षा, न्याय प्रणाली<br>(ख) सङ्घीय शासन प्रणाली, प्रदेश तथा स्थानीय तहको सन्तुलित विकास, शासकीय सुधार, नेतृत्व निर्माण<br>(ग) अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध<br>(घ) निर्वाचन प्रणाली र मानव अधिकार<br>(ङ) प्रशासकीय सुशासन तथा भ्रष्टाचार नियन्त्रण<br>(च) मानव बेचविखन तथा ओसारपसार नियन्त्रण |
| ५ | अन्तरसम्बन्धित विषय | (क) तथ्याङ्क प्रणाली र अनुसन्धान तथा विकास<br>(ख) गरिबी निवारण<br>(ग) मानव संसाधन विकास र श्रम तथा रोजगारी<br>(घ) सामाजिक-सांस्कृतिक विविधता तथा एकता र समावेशीकरण<br>(ङ) वातावरण, जलवायु परिवर्तन, जल तथा मौसम विज्ञान र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं